annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १६८ पृष्ठ ८ | काठमाडौं, आइतबार ४ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष तृतीया नेपाल संवत् ११४४ | SUNDAY, OCTOBER 20, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०



कभर स्टोरी

# पहलमानीको साख जोगाउँदै मधेस

दसैं, दीपावली, छठजस्ता पर्वको माहौल जब सुरु हुन्छ, मधेसमा युवादेखि वृद्धसम्म अखडा बनाउन जुट्छन् । चाडपर्वमा गाउँमा मेला लाग्छ अनि मेलालाई छप्पक छोप्छ पहलमान र पहलमानीले । पहलमानी हेर्न गाउँगाउँबाट अखडा वरिपरि हजारौं दर्शक जम्मा हुन्छन् । अखडामा बजरंग बली (हनुमानजी)को झन्डा फहराइन्छ । खेलाडीको हात उठाएर रेफ्रीले दर्शकलाई चिनाउँछन् । उनैले दुवै खेलाडीको हात मिलादिन्छन् । अनि दर्शकबाट जोड जोडले हुटिङ सुरु हुन्छ । पहलमानहरूले ताल ठोक्दै पहलमानी सुरु गर्छन् ।

समाचार पृष्ठ २

राजकरण महतो | *बर्दिबास (महोत्तरी)*

– को रिपोर्ट

# जी–७ को रक्षा शिखर सम्मेलन नेपल्समा सुरु

**एजेन्सी** (नेपल्स) : मध्यपूर्वमा तनाव बढेको र युक्रेनमाथि दबाब बढ्दै गएको पृष्ठभूमिमा जी-७ का रक्षामन्त्रीहरूले शनिबारदेखि वार्ता सुरु गरेका छन्। जी सेभेन राष्ट्रको आलोपालो अध्यक्षता गरेको इटालीले रक्षामन्त्रीस्तरीय पहिलो बैठक दक्षिणी सहर नेपल्समा आयोजना गरेको हो।

इटालीका रक्षामन्त्री गुइडो क्रोसेट्टोले नाटोका प्रमुख मार्क रुटलगायत सहभागी सबैलाई स्वागत गर्दै भने, 'आज हाम्रो उपस्थितिले हाम्रो लोकतान्त्रिक प्रणालीलाई अवरोध गर्न खोज्नेहरूलाई कडा सन्देश दिन्छ भन्ने मेरो बुझाई रहेको छ।'

क्रोसेट्टोले शुक्रबार ब्रसेल्समा अन्तर्राष्ट्रिय समुदायले सामना गरिरहेको धेरै द्वन्द्वलाई मध्यनजर गर्दै आफूले शिखर सम्मेलनका लागि अनुरोध गरेको बताउँदै एक दिने शिखर सम्मेलनमा मध्यपूर्वमा बढ्दो द्वन्द्वबारे छलफल गर्न 'पर्याप्त स्थान' दिइने बताए।




युक्रेनमा युद्ध, अफ्रिकामा विकास र सुरक्षा र एसिया-प्रशान्त क्षेत्रको अवस्था पनि एजेन्डामा छ। इजरायलले सन् २०२३ को अक्टोबर ७ मा गाजामा भएको विनाशकारी जवाफी युद्धका मुख्य योजनाकार हमासका प्रमुख याह्या सिनवारलाई मारेको घोषणा गरेको दुई दिनपछि यो बैठक हुन लागेको हो।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले सिनवारको प्यालेस्टिनी भूमिमा भएको मृत्युले हमासविरुद्धको युद्धको अन्त्यको संकेत गरेको बताएका छन् भने अमेरिकी राष्ट्रपति जो बाइडेनले यसले 'शान्तिका लागि' मार्ग प्रशस्त भएको बताएका छन्। इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनी शुक्रबार लेबनान पुगेका थिए। लेबनानमा पनि इजरायलले हमासको सहयोगी हिजबुल्लाहसँग युद्ध गरिरहेको छ।

बेरुतमा बोल्दै मेलोनीले लेबनानमा संयुक्त राष्ट्रसंघीय शान्ति सैनिकमाथि भएको आक्रमणलाई 'अस्वीकार्य' भन्दै आलोचना गरेका थिए। लेबनानमा रहेको संयुक्त राष्ट्रसंघीय शान्ति सेनामा इटालीका करिब एक हजार सैनिक छन् भने अन्य ५० भन्दा बढी देशका सैनिक पनि छन्।

युक्रेनका मन्त्रीहरूले युद्धमा जाडोयाममा किएभ प्रवेश गर्ने, पूर्वमा युद्धभूमिमा क्षति हुने र डोनाल्ड ट्रम्प अर्को महिना ह्वाइट हाउसमा निर्वाचित भएमा अमेरिकी सैन्य समर्थन घट्ने सम्भावनाबारे विचारविमर्श गर्ने छन्। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसविरुद्ध विजयी रणनीति बनाउन पश्चिमा मित्रराष्ट्रहरूको बढ्दो दबाबका बीच बिहीबार युरोपेली संघ र नेटोसमक्ष 'विजय योजना' प्रस्तुत गरेका छन्।

# अब लाइसेन्स बोक्नै नपर्ने

**काठमाडौं** (अन्नपूर्ण) : सवारी चालक अनुमतिपत्र(लाइसेन्स)का लागि ट्रायल पास गरेपछि लाइसेन्स कार्ड नबोक्दा पनि हुने भएको छ। सरकारले नागरिक एपमार्फत सम्बन्धित व्यक्तिको मोबाइलमा लाइसेन्स उपलब्ध गराउने तयारी गरेको प्रधानमन्त्री केपी शर्मा ओलीले जानकारी गराएका छन्। आइतबारबाट बागमती प्रदेश यातायात व्यवस्था कार्यालयबाट परीक्षणका रूपमा यो व्यवस्था सुरु हुने भएको छ।

उनले सवारी नियम उल्लंघनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै डिजिटल पेमेन्ट गर्ने व्यवस्था गरिएको जानकारी गराए। 'सवारी चालक अनुमतिका लागि ट्रायल पास गरेपछि अब लाइसेन्स कार्ड आवश्यक नपर्ने व्यवस्था गरिएको छ। नागरिक एपमार्फत सम्बन्धित व्यक्तिको मोबाइलमा लाइसेन्स उपलब्ध हुनेछ', शनिबार सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री ओलीले जानकारी गराउँदै भनेका छन्, 'सवारी नियम उल्लंघनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै डिजिटल पेमेन्ट गर्ने व्यवस्था गरिएको छ। यसले सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ भने सवारी नियम उल्लंघनमा जरिवाना तिर्दा हुने झन्झट हटेको छ।'




प्रधानमन्त्री ओलीले भने, 'नागरिक एपमा अरू सेवा पनि थप्ने तयारी गरिएको छ। कुनै पनि कामको लागि लाइन बस्नुपर्ने समस्याबाट मुक्त गर्ने तयारीमा हामी लागेका छौं। नागरिकलाई छिटो सेवा प्रवाहमा यसले सहयोग पुग्नेछ।'

# जंगलमा कसले थाप्छ चितुवा र बाघलाई पासो ?

परमानन्द पाण्डे | *टीकापुर*

कैलालीको जानकी गाउँपालिका-६ स्थित कैलाशेश्वर सामुदायिक वनभित्र बुधबार एक वयस्क भाले चितुवा शिकारीले थापेको पासोमा परेर घाइते भएको छ। वडा नं. ३ स्थित लायकपुर मुक्त कमैया शिविरको बस्ती छेउमै रहेको जगतपुर जाने सडकखण्डको जंगलमा शिकारीले थापेको पासोमा परेर वयस्क चितुवा घाइते भएको हो।

वन डिभिजन कार्यालय पहलवानपुर, बर्दिया राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्राकृतिक संरक्षण कोषको उद्धार टोलीले घाइते चितुवाको जीवितै उद्धार गरेको हो। उद्धार टोलीमा रहेका निकुञ्ज पशु संरक्षण अधिकृत डा. आयुष महर्जनका अनुसार मोटरसाइकलमा प्रयोग गरिने क्लोज तारको पासोले चितुवाको छातीमा गम्भीर चोट पुगेको छ।

'रुखको हाँगामा राखिएको क्लोज तारको पासोले घाइते अवस्थामा फेला परेको चितुवाको छातिमा चोट लागेको देखिन्छ, घाउ हेर्दा दुई चार दिनअघि नै पासोमा परेको अनुमान गर्न सकिन्छ', डा. महर्जनले भने, 'जंगली जनावरको शिकारका लागि थापिएको पासोमा परेर चितुवा घाइते भएको हो। यसको संरक्षण चुनौतीको विषय हो।'

त्यसो त यो चितुवा मात्रै होइन, यसअघि समेत कैलालीको सुदूरपूर्वी क्षेत्रमा शिकारीले थापेको पासोमा परेर विश्वमै दुर्लभ मानिएको पाटेबाघ समेत फेला परेका थिए।

२०८० माघ ७ गते कैलालीको जानकी गाउँपालिका ९ स्थित अमरावती सामुदायिक वनभित्र पाटेबाघ मृत फेला परेको थियो। सिकारीले थापेको काँडेतारको पासोमा परेर पोथी पाटेबाघ मृत फेला परेको हो।

त्यस्तै २०७९ असार ७ गते बर्दिया राष्ट्रिय निकुञ्जले जीपीएस ट्र्याक गरेको पाटेबाघ टीकापुर नगरपालिका-२ स्थित जनशक्ति सामुदायिक वनभित्र फलामे तारको पासोसहित मृत फेला परेको थियो। बाघको संरक्षणका लागि जीपीएस जडान गरिएको पाटेबाघ निकुञ्ज बाहिर पासोसहित मृत फेला पर्नु संरक्षणमै चुनौतीको विषय हो।

विश्वमै दुर्लभ मानिएका पाटेबाघ तथा चितुवाहरू फलामे तारसहितको पासोमा परेर मृत अवस्थामा फेला पर्नु चोरी शिकारी र वातावरणीय अपराध भएको संरक्षणकर्मी विजयराज श्रेष्ठ बताउँछन्। 'राष्ट्रिय निकुञ्जको संरक्षण क्षेत्र बाहिर रहेका सामुदायिक वनहरूमा पासोमा परेर बाघ मारिनु वातावरणीय अपराध हो', श्रेष्ठले भने, 'वन्यजन्तुबारे त्यसबारे सचेतना फैलाउन र उचित व्यवस्थापन गर्न सरकारले खुकुलो नीति निर्माणमा ध्यान दिनुपर्छ।'

जंगली जनावरको शिकार गर्न थापिएको पासोमा परेर विश्वमै दुर्लभ मानिएका जंगली जनावरहरू मृत अवस्थामा फेला पर्नुले संरक्षणमा चुनौती थपिएको पहलवानपुर वन डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र कठायतले बताए।



फलामे तारको पासोमा परी घाइते भएको चितुवा। ● परमानन्द पाण्डे

- बर्दिया राष्ट्रिय निकुञ्जमा सन् २०२२ मा गरिएको बाघ गणनाअनुसार १२५ र देशभर ३५५ बाघ छन्।
- २०८० माघ ७ गते कैलालीको जानकी गाउँपालिका ९ स्थित अमरावती सामुदायिक वनभित्र पाटेबाघ मृत फेला परेको थियो।
- पटक-पटक दोहोरी रहेको पासोमा पारेर जंगली जनावरको हत्याको घटनामा संलग्नलाई कानुनी कारबाही भने हुन सकेको छैन।

'एउटै प्रकृतिका घटनाहरू दोहोरिएका छन्, यसले जंगलमा चोरी शिकारीका लागि पासो थाप्ने काम हुँदै आएको देखिन्छ', कठायतले भने, 'घटनाका न्यूनीकरणका लागि सामुदायिक वनका पदाधिकारी, संरक्षणकर्मी र सर्वसाधारणहरू सचेत हुनैपर्छ। हामी यो घटनाको गम्भीर रूपमा अनुसन्धान गरेर संलग्नलाई कारबाही गर्ने छौं, त्यसो गर्न सके आगामी दिनमा यस्ता घटनाका कमी आउनेछ।'

बर्दिया राष्ट्रिय निकुञ्जमा सन् २०२२ मा गरिएको बाघ गणनाअनुसार १ सय २५ बाघ छन्। देशभर ३ सय ५५ बाघ छन्। विभिन्न अध्ययन अनुसार निकुञ्जमा १ सय २० देखि ५० सम्म जंगली हात्तीहरू छन्।

बर्दिया राष्ट्रिय निकुञ्जसँगै जोडिएको टीकापुर क्षेत्रमा रहेका दर्जन बढी सामुदायिक वनमा निकुञ्जबाट जंगली जनावरहरू आउने गरेका छन्। कर्णाली जैविक मार्गमा पर्ने कर्णाली नदीमा सत्ती कर्णाली, भगरैया, साइपुर, भैरवनाथ, खोटेना भुराखानी, रानी कर्णाली, शीतल, जनशक्ति, कैलाशेश्वर, जगतपुर, शिवशक्ति, कालिका, छतिवन, ऐश्वर्य र महिलालगायत सामुदायिक वनहरू छन्। यी वनहरूमा बाघ, हात्ती, चितुवा जस्ता जनावरहरू देखा पर्ने गरेको कैलाशेश्वर सामुदायिक वनका वनहेरालु निर्मला चौधरी बताउँछन्।

पटक-पटक दोहोरी रहेको पासोमा पारेर जंगली जनावरको हत्याको घटनामा संलग्नलाई कानुनी कारबाही भने हुन सकेको छैन। घटनाको सुक्ष्म अनुसन्धान गरी संलग्नलाई कारबाहीको दायरामा ल्याउन सके यस्ता घटना नियन्त्रण हुने संरक्षणकर्मीहरूको विश्वास छ।